# नेपाल कम्यूनिष्ट पार्टी (नेकपा)

## डुडुवा गाउँपालिका संगठन कमिटी, बाँके

(मिति : २०७६/०७/०२ गते

**विज्ञप्ती**

आदरणीय गाउँपालिकावासी जनसमुदाय/ पत्रकारज्यूहरु

विगत केही दिनदेखि पाकेर काट्ने तयार रहेको धानबालीमा डुडुवा गाउँपालिका लगायत बाँके जिल्लाभरि धानको पकेट क्षेत्र र छिमेकी जिल्लाहरुमा समेत फौजी किराले नोक्सानी पुऱ्याएको खबर बाहिर आएको छ । धानबालीको बोटमै फौजी किरा लागेर धेरै नोक्सानी भईरहेको र कृषकलाई फौजी किराको प्रकोपले धेरै क्षति व्यहोर्नु परेको खबरप्रति हाम्रो ध्यानाकर्षण भएको छ ।

कमिटीका पदाधिकारीहरु धानबालीको अनुगमनमा जाँदा पाकेको धानको बाला फौजी किराले काटेर खेतमा नष्ट गरेको पाइएको छ । बिउदेखि रोपाई, गोडमेल एवं मलजल गरेर घर भित्रियाउने बेलामा यसरी फौजी किराको प्रकोपले ठुलो संख्याका किसानहरु समस्यामा परेको हाम्रो निष्कर्ष रहेको छ ।

गाउँपालिका क्षेत्रमा यसरी धानबालीमा फौजी किराको प्रकोप फैलिएको अवस्थामा गाउँपालिका स्तरबाट कुनै कार्यवाही अघि नबढाउनु र जनप्रतिनिधी समस्याप्रति मौनता प्रकट गर्नु दुखद हो । फौजी किराले धानबालीमा पुऱ्याइरहेको क्षतिको रोकथामका लागि पूर्ण रुपमा गाउँपालिकाको कार्यालय सक्षम नरहेपनि समस्या समाधानका लागि सम्बन्धित निकायमा पहल समेत नगर्नुले गाउँपालिकाको कार्यालय असक्षमता र गैरजिम्मेवार व्यवहार प्रकट गरेको हाम्रो ठहर छ। यस प्रकोपबाट पिडित अधिकाँश किसानको समस्या समाधान र लागत अनुसारको क्षतिपूर्तिका लागि तत्काल गाउँपालिकाको कार्यालयले सम्बन्धित निकायमा पहल थाल्न आग्रह गर्दछौं ।

अन्त्यमा किसानको समस्या समाधानमा ढिलाई एवं वेवास्ता नगरि लागत नै डुब्ने गरि फैलिएको फौजी किराको प्रकोप रोकथाम र कृषकलाई निराश हुन नदिन किसानको चाहना अनुरुप ५ नं. प्रदेश सरकार र संघीय सरकारले तत्काल आवश्यक कदम चाल्न हार्दिक आग्रह गर्दछौं । स्थानीय, प्रदेश र संघीय सरकारलाई आवश्यक जनदबाव र खबरदारीका लागि सम्पूर्ण गाउँपालिकावासी दाजुभाई दिदीबहिनीहरुमा अह्वान गर्दै यस विषयलाई गम्भीरता पुर्वक उठान गरि दिनुहुन पत्रकार ज्यूहरुलाई हार्दिक अनुरोध गर्दछौं ।

भोला प्रसाद यादव
सचिव

शकील अहमद खान
अध्यक्ष

सम्पर्क ठेगाना : डुडुवा-२, बाँके सम्पर्क :- अध्यक्ष ९८५८०२४१५९ सचिव ९८५८०२२३९२